नेपाल सरकार
# राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या:
च.नं.

## प्रेस विज्ञप्ति

दीर्घकालीन सोच सहितको पन्ध्रौं योजनाको आधार-पत्रको मस्यौदा उपर राय-सुझाव संकलन गर्न मिति २०७५।१२।२० र २१ गते राष्ट्रिय विकास परिषद्को बैठक काठमाडौंमा सम्पन्न भएको छ। सम्माननीय प्रधानमन्त्री एवं राष्ट्रिय विकास परिषद्का अध्यक्ष श्री के.पी. शर्मा ओलीले उक्त बैठकको अध्यक्षता/उद्घाटन गर्नुभएको थियो।

उक्त बैठकलाई सम्बोधन गर्दै सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीले संविधान प्रदत्त मौलिक हकको कार्यान्वयन गर्न पन्ध्रौं योजनाले सुस्पष्ट र व्यावहारिक मार्गचित्र तयार गरेको बताउनु भयो। उहाँले देशलाई समृद्धिको बाटोमा लैजान विकासमा सबै नागरिकको सहभागिता र समान योगदानको अपेक्षा गरिएको बताउनु भयो। प्रधानमन्त्रीले विकासको प्रतिफल वितरणमा सबैलाई सम्मानजनक र समान अवसरको सुनिश्चितता गर्दै समन्यायिक प्रत्याभूति गराउन जरुरी रहेको बताउनु भयो।

उक्त बैठकलाई सम्बोधन गर्दै पूर्व प्रधानमन्त्री एवम् नेपाल कम्युनिष्ट पार्टिका अध्यक्ष श्री पुष्पकमल दाहाल'प्रचण्ड' ले देशमा धेरै पटक राजनीतिक परिवर्तन भए पनि यो पटकको परिवर्तन लामो र निरन्तर प्रयासबाट प्राप्त भएको हुँदा अब बन्ने योजनाले संघीयता लोकतान्त्रिक राज्यको मूलभूत मर्मलाई आत्मसार्थ गर्नुपर्ने बताउनु भयो। उहाले जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन गर्ने र त्यसको सुदृढिकरण गर्ने हाम्रो लक्ष्य र उद्देश्यहरु परिलक्षित हुनुपर्ने बताउनुभयो।

पूर्व उपप्रधानमन्त्री तथा नेपाली काँग्रेस संसदीय दलका उपनेता श्री विजयकुमार गच्छदारले वस्तुगत र कार्यान्वयन योग्य योजना तर्जुमा गर्न राष्ट्रिय तथ्याङ्क प्रणालीको महत्व औंल्याउँदै योजनाको कार्यान्वयनमा संलग्न हुने जनशक्तिको क्षमता अभिवृद्धिमा पनि ध्यान जानुपर्ने बताउनुभयो। वहाँले आगामी योजनामा कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान वृद्धि गर्ने तर्फ सोचाई राख्नुपर्ने बताउनु भयो।

उक्त बैठकमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा.पुष्पराज कंडेलले पन्ध्रौं योजनाको मस्यौदा आधारपत्रको संक्षिप्त प्रस्तुति गर्नुभएको थियो। उहाँले मुलुकलाई उच्च आय भएको विकसित र सम्मुन्नत राष्ट्रको रुपमा पुर्‍याउने मार्गचित्र कार्यान्वयन गर्न पन्ध्रौं योजनालाई आधार योजनाको रुपमा तयार गरिएको बताउनु भयो। उहाँले आगामी पच्चीस वर्षमा तीव्र विकासको माध्यमबाट समृद्ध र सुखको दीगोपना कायम गर्न सक्ने गरी समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय सोच, गन्तव्य र परिमाणात्मक लक्ष्यहरु तय भएको बताउनु भयो। उपाध्यक्ष डा. कंडेलले भन्नुभयो "यस अवधिमा औसत दुई अंकको आर्थिक वृद्धि हासिल गर्दै उच्च आय भएको सम्मुन्नत मुलुकको रुपमा स्थापित भएको हुनेछ।" उपाध्यक्षले आर्थिक विकासमा निजी क्षेत्रको भूमिका अभिवृद्धि गर्ने गरी सहकारी तथा सामुदायिक क्षेत्रको भूमिकालाई प्रभावकारी, पारदर्शी र सुदृढ बनाउनुपर्ने आवश्यकता दर्शाउनु भयो।

माननीय अर्थमन्त्री डा.युवराज खतिवडाले उक्त बैठकमा आफ्नो मन्तव्य राख्ने क्रममा मुलुकमा विकसित भएको राजनीतिक स्थायित्वले विकासले गति लिन सक्ने सम्भावना देखिएको बताउनुभयो। अर्थमन्त्रीले चालु चौधौं योजनाको कार्यान्वयन अपेक्षित रुपमा सम्पन्न भएको बताउँदै आगामी योजनामा कृषि र उद्योग क्षेत्रको रुपान्तरणको माध्यमबाट गरिवी निवारण गर्न सकिने सम्भावना औंल्याउनु भयो। उहाँले नेपालमा सामाजिक पूर्वाधार क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल भएको भएतापनि भौतिक पूर्वाधारको क्षेत्रमा प्रगति लक्ष्य भन्दा न्युन भएको हुँदा सामाजिक आर्थिक विकासको अतिरिक्त भौतिक पूर्वाधारको विकासमा पनि साधन स्रोतले भ्याएसम्म लगानी गरिने बताउनु भयो।

उद्घाटन सत्रमा उपस्थित सहभागी हरुलाई राष्ट्रिय योजना आयोगका सदस्य सचिव श्री लक्ष्मण अर्यालले स्वागत मन्तव्यसहित स्वागत गर्नुभएको थियो। उहाँले बैठकमा प्राप्त हुने महत्वपूर्ण सुझावका आधारमा पन्ध्रौं योजनाको आधारपत्रमा थप परिमार्जन गरिने बताउनुभयो।

फोन: ४२११९७०, ४२११६८१, फ्याक्स: ९७७-१-४२११७००, इमेल: info@npc.gov.np, वेभसाइट: www.npc.gov.np

नेपाल सरकार
# राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या:
च.नं.

राष्ट्रिय विकास परिषद्को बैठकको पहिलो दिनको उद्घाटन सत्र पछि समष्टिगत आर्थिक क्षेत्र, सामाजिक क्षेत्र, पूर्वाधार क्षेत्र, कृषि, वन तथा प्राकृतिक स्रोत, लोकतन्त्र र सुशासन क्षेत्र र अन्तरसम्बन्धित क्षेत्र लगायत ६ वटा क्षेत्रहरुमा केन्द्रित भई क्षेत्रगत प्रस्तुतिकरण र छलफल भएको थियो। क्षेत्रगत छलफललाई राष्ट्रिय योजना आयोगमा माननीय सदस्यहरुले संयोजन गर्नुभएको थियो।

राष्ट्रिय विकास परिषद्को बैठकको छलफलमा नेपाल सरकारका माननीय उपप्रधानमन्त्री, माननीय मन्त्रीहरु, सातवटै प्रदेशका माननीय मुख्यमन्त्रीहरु, प्रतिनिधि सभा र राष्ट्रिय सभाका संसदीय समितिका सभापतिहरु, सांसदहरु, स्थानीय तहका प्रमुख, उपप्रमुखहरु, नेपाल सरकारका सचिव तथा उच्च पदस्थ कर्मचारीहरु, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष र पूर्व सदस्यहरु, निजी, सहकारी, सामुदायिक तथा गैह सरकारी क्षेत्रका प्रतिनिधिहरु, उद्योगपतिहरु, अन्य विज्ञहरु समेत गरी करिब ३०० जनाले सहभागी भई राय सुझाव प्रदान गर्नुभएको थियो।

बैठकको दोस्रो दिन भएको समापन सत्रमा राष्ट्रिय योजना आयोगका माननीय सदस्यहरुले क्षेत्रगत समुहको छलफलको निचोड र प्राप्त राय सुझावको संक्षिप्त प्रस्तुतिकरण गर्नुभएको थियो। बैठकको दुई दिनको छलफलको निष्कर्ष राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा. पुष्पराज कंडेलले प्रस्तुत गर्नुभएको थियो।

बैठकको समापन सत्रमा सम्माननीय प्रधानमन्त्री एवं राष्ट्रिय विकास परिषदका अध्यक्ष श्री के.पी. शर्मा ओलीले लामो राजनीतिक संक्रमणको अन्त्यपश्चात नेपालको संविधान जारी भएपछिको पहिलो निर्वाचनबाट तीन तहका सरकारको राजनीतिक स्थायित्वको सामर्थ्यमा यो योजना आएको बताउँदै नियमित ढङ्गले आउने पाँच वर्षे योजनाभन्दा परिवर्तनलाई आत्मसाथ गर्ने यस पन्ध्रौं योजनाको विशेष महत्व रहेको छ। यस आवधिक योजनालाई पहिलो संघीय पञ्च वर्षीय योजनाको रुपमा समेत कार्यान्वयन गर्नुपर्ने बताउनुभयो। एकीकृत नीतिगत सुधारको मार्ग तय गरी तीव्र विकास र आर्थिक वृद्धिको लक्ष्यमा पुग्नु पर्ने समेत बताउनुभयो। विकासका लागि सुशासन अनिवार्य शर्त हो, यसलाई पुरा गर्न सरकार दृढ संकल्पित छ भन्नुहुँदै "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय सोचलाई पुरा गर्न सबैजनाले आ-आफ्नो स्थानबाट सक्रियताकासाथ लागि पर्न अपिल गर्नु भयो।

बैठकले देहायका निर्णयहरुसमेत गरेको छः-

क. आगामी आर्थिक वर्षदेखि कार्यान्वयनमा आउने पन्ध्रौं योजना (२०७६/७७-२०८०-८१) को आधारपत्रको मस्यौदाका सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट बैठकमा प्राप्त मार्गदर्शन एवम् माननीय उपप्रधानमन्त्रीहरु, मन्त्रीहरु, प्रदेश सरकारका मुख्यमन्त्रीहरु, राष्ट्रिय विकास परिषद्, २०७५ का सदस्यहरु तथा विशिष्ट आमन्त्रित महानुभावहरुबाट प्राप्त उपयुक्त सुझावहरुलाई समावेश गर्ने गरी पन्ध्रौं योजना (२०७६/७७-२०८०-८१) को आधार-पत्र स्वीकृत गर्ने।

ख. दीर्घकालीन सोच सहितको पन्ध्रौं योजना (२०७६/७७-२०८०-८१) को आधार-पत्रको मस्यौदा तर्जुमाका क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागि भई यसको अवधारणा पत्रदेखि अन्तिम मस्यौदाउपर परिषद्को बैठकमा आफ्ना महत्वपूर्ण सुझावहरु प्रदान गर्नुहुने नेपाल सरकारका माननीय उपप्रधानमन्त्रीहरु, मन्त्रीहरु, सातवटै प्रदेशका मुख्यमन्त्रीहरु, प्रतिनिधि सभा र राष्ट्रिय सभाका संसदीय समितिका सभापतिहरु, सांसदहरु, प्रदेश समन्वय परिषद्का पदाधिकारीहरु, स्थानीय तहका प्रमुख, उपप्रमुखहरु, निजि, सहकारी, सामुदायिक तथा गैह सरकारी क्षेत्रका प्रतिनिधिहरु, उद्योगपतिहरु, विषय विज्ञहरु, सञ्चारकर्मी एवम् पत्रकारहरु, राष्ट्रसेवक कर्मचारीहरु र राष्ट्रिय योजना आयोगलाई सम्माननीय प्रधानमन्त्रीज्यूले धन्यवाद प्रदान गर्नुभयो।

..............................

डा. किरण रुपाखेती

(प्रवक्ता एवम् सहसचिव)

मिति: २०७५ चैत्र २१ गते, बिहिबार

फोन: ४२११९७०, ४२११६८१, फ्याक्स: ९७७-१-४२११७००, ईमेल: info@npc.gov.np, वेबसाईट: www.npc.gov.np